# बुटवल पावर कम्पनी लि.
**बुद्धनगर, वानेश्वर, काठमाण्डौ**

# प्रेस विज्ञप्ती

**भ्रमपूर्ण समाचार संप्रेषणका सम्बन्धमा गम्भिर ध्यानाकर्षण भएको**

यस बुटवल पावर कम्पनीका सम्बन्धमा सत्यतथ्यलाई तोडमरोड गरी विगत केही दिन देखी केही पत्रपत्रिका तथा अनलाईन खवरहरुमा भ्रामक समाचार तथा टिप्पणीहरु प्रकाशित भएको तर्फ कम्पनीको गम्भिर ध्यानाकर्षण भएको छ । मूलतः हाललाई कम्पनीको नयाँ निष्काशन (एफपीओ) लाई लक्षित गरी तथा दिर्घकालिनरुपमा कम्पनीको प्रगति, छवी तथा ख्यातीलाई क्षति पुऱ्याउने गरी समाचार तथा टिप्पणीहरु आएको प्रति कम्पनी खेद प्रकट गर्दछ । कम्पनीले प्रकाशित गरेका सूचना तथा विवरणहरुको आधारमा आफ्नो विवेक प्रयोग गर्नका लागि कम्पनी आफ्ना लगानीकर्ताहरुलाई अनुरोध गर्दछ ।

यस कम्पनीले प्रकाशित गरेको विवरणपत्रको शूक्ष्म अध्ययन गरेमा कम्पनीको हालको अवस्था कस्तो छ र आगामी ५ वर्षमा कस्तो अवस्था हुनेछ भन्ने कुरा स्पष्ट हुनेछ । विवरणपत्रमा उल्लेख भएवमोजिम गर्नका लागि कम्पनी दत्तचित्त र कटीबद्ध रहेकोछ । त्यसैगरी, Nepal Stock Exchange Limited मा हुने शेयर कारोवारका सम्बन्धमा तथा नेपाल धितोपत्र बोर्ड जस्तो नियमनकारी निकायले सम्पादन गरेको कार्यमा समेत आक्षेप लगाई यस कम्पनीको नयाँ निष्काशनका विषयमा केही स्वार्थ समूहहरुले चलखेल गरेको हो कि भन्ने तर्फ संशय उत्पन्न भएको छ । यसप्रति सचेत रहनका लागि कम्पनी सबै लगानीकर्तालाई अनुरोध गर्दछ ।

यस कम्पनी नेपालको उर्जा क्षेत्रको जेठो कम्पनी हो । यस कम्पनीमा नेपालको निजी क्षेत्रका साथै नेपाल सरकारको लगानी रहेको छ र नेपाल सरकारका तर्फवाट संचालक समितिमा समेत प्रतिनिधित्व रहेकोछ । यस कम्पनीले आफ्ना शेयरधनीहरुको विश्वास र सहयोगमा आफ्नो व्यवसायिक कार्यहरु गर्दै आएको छ । कम्पनीले वित्तिय सुशासन तथा पारदर्शितालाई उचित ध्यान दिएकोछ । विगतका धेरै वर्षहरु देखी यस कम्पनीले उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुत गरे वापत The Institute of Chartered Accountants of Nepal वाट निरन्तर दश पटक भन्दा बढी पुरस्कृत हुँदै आएकोछ । हिजो मात्रै यस कम्पनीले SAARC अर्न्तगतको South Asian Federation of Accountants वाट उत्पादन समूहमा उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुती तथा संस्थागत सुशासनका लागि  Certifiacate of Merit प्राप्त गर्न सफल भएकोछ ।

शेयरधनीहरुलाई प्रतिफल दिने सम्बन्धमा स्थिर लाभांश नीति हुनु पर्नेमा यस कम्पनीको विश्वास छ । सोही अनुसार यस कम्पनीले आफ्ना  शेयरधनीहरुलाई प्रत्येक वर्ष लाभांश वितरण गर्दै आएको छ र भविश्यमापनि गर्दै जानेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छौं । आफ्ना संचालनमा रहेका आयोजनाहरु तथा लगानी गरिएका आयोजनाहरुको सम्बन्धमा कम्पनी पूर्णरुपमा जानकार र सचेत छ । ति

आयोजनाहरुको संचालनका विषयमा कम्पनीले उपयुक्त नीति अख्तियार गर्दै आएकोछ र भविश्यमा पनि अख्तियार गर्नेछ ।

यस कम्पनीले World Bank, International Finance Corporation एवं InfraCo Asia जस्ता अन्तराष्ट्रिय संस्था एवं लगानीकर्ताहरुका साथै स्थानीय बैंकहरुसंग मिलेर जलविद्युत आयोजनाहरुको विकासमा काम गरिरहेकोछ । हाल यस कम्पनीको मुख्य शेयर लगानी रहेको ३७.६ मेगावाटको कावेली ए जलविद्युत आयोजनामा World Bank तथा International Finance Corporation को समेत लगानी रहेको छ । त्यसै गरी यस कम्पनीको मुख्य शेयर लगानी रहेको ३० मेगावाटको न्यादी जलविद्युत आयोजनामा स्थानीय बैंकहरुको Consortium बाट लगानी भई ती आयोजनाहरुको निर्माण कार्यहरु द्रुत गतिमा समय योजना अनुसारनै सन्तोषजनकरुपमा अघि बढी रहेको छ । सन् २०२० भित्रै लक्षित समयमै ति आयोजनाहरु सम्पन्न हुनेमा कम्पनी विश्वस्त रहेको छ । संभाव्यता अध्ययन सम्पन्न भएका मनाङ मर्स्याङदी जलविद्युत आयोजना र चिनोखोला जलविद्युत आयोजनाहरुको निर्माणको लागि आवश्यक तयारीहरु समेत भैरहेको छ । आगामी ५ वर्षमा ११०० मेगावाट विद्युत आयोजनाहरुको निर्माण प्रारम्भको लक्ष सहित Sichuan Investment Group Co. Ltd. लगायतका चिनिया ख्यातीप्राप्त कम्पनीहरुको संयुक्त लगानीमा विभिन्न आयोजनाहरुको विकासको लागि आवश्यक आन्तरिक गृह कार्यहरु समेत भईरहेको छ ।

जलविद्युत आयोजनाहरुलाई आयोजना कम्पनीहरु मार्फत निर्माण तथा संचालन गर्ने तथा ती आयोजनाहरुको निर्माणमा रणनीतिक साझेदारहरुसंग सहकार्य गर्ने लगायतका उपयुक्त कदमहरु मार्फत यस कम्पनीले आफ्नो क्षितिजलाई बृहद र समृद्ध बनाउँदै लगेको छ । कम्पनीले आफ्ना शेयरधनीहरुको दिर्घकालिन हित प्रवर्द्धनमा समुचित ध्यान दिदैं आएको छ ।

अतः कम्पनी आफ्ना लगानीकर्ताहरुलाई कम्पनी प्रतिको आफ्नो विश्वासमा दृढ रहन र केही दिन देखी सिलसिलेवाररुपमा प्रकाशित भ्रामक समाचार तथा टिप्पणीहरुका पछि नलागी कम्पनीले प्रकाशित गरेको सूचना तथा विवरणहरुका आधारमा आफ्नो धारणा बनाउन तथा उपयुक्त निर्णय लिनका लागि हार्दिक अपिल समेत गर्दछ ।

मितिः २०७४।१०।१८ (फेब्रुअरी १, २०१८)